गरुडा नगरपालिका
Garuda Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of The Municipal Executive
गरुडा, रौतहट
Garuda, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र सं.:-२०७९/०८०
च.नं.: 2362

मिति:-२०७९/१०/०९

**विषय :- वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना।**

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि (संसोधन समेत), २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०७९/१०/१६ गते) भित्र यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा फारम दर्ता गराउन अनुरोध गरिन्छ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| • कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>• वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ वर्ष पुरा भएको,<br>• विगत ५ वर्ष भित्र श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयबाट यसप्रकारको पुरस्कार प्राप्त नगरेको। | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) आय कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व. २०७८/०७९को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा। |

2079/10/9

रामबाबु राय यादव
(नि.प्रमुख प्रशासकीय अधिकृत)

रामबाबु राय यादव
(नि. प्रमुख प्रशासकीय अधिकृत)

Email
itofficer.garudamun@gmail.com
prashasan.garudamun@gmail.com
info@garudamun.gov.np

Phone No.
055-565201

Website
https://garudamun.gov.np

"समृद्ध नगर, सुखी नगरवासी"